कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, कर्णाली प्रदेश सुर्खेत

# कर्णाली प्रदेश भित्रका महिला सहकारी संस्थाका लागि बीउ पुँजी अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०५।२३ गते

कर्णाली प्रदेश सरकारले गरिव, वेरोजगार तथा विपन्न महिलाको आयआर्जन क्षमता विकास गर्न सहकारी संस्था मार्फत आवश्यक पूँजी तथा सहुलियतपूर्ण ऋणमा पहुँच वृद्धि गरी स्वरोजगार तथा उद्यमशील बनाउनको लागि मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम अन्तर्गत लक्षित लाभग्राहीहरु आवद्ध संस्थाको संस्थागत पुँजी वृद्धिको लागि बीउ पुँजी अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रत्येक स्थानीय तहबाट कम्तीमा एक/ एक वटा महिला सहकारी संस्था छनौट गर्न यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रममा सहभागी हुन चाहने कर्णाली प्रदेशभित्रका इच्छुक महिला सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय सुर्खेत र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**आवश्यक कागजातहरू:**

१. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची - ३ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव,
२. कार्यविधिको अनुसूची - १ को ढाँचामा व्यवसायिक योजना
३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. संस्थाको विनियमको प्रतिलिपि (संशोधन भएको भए संशोधनको प्रति सहित),
५. सञ्चालक समिति वा साधारण सभाबाट अनुदान प्राप्त गरी महिला सदस्यहरूको आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णय प्रतिलिपि,
६. पछिल्लो लेखा परीक्षण प्रतिवेदन,
७. पछिल्लो साधारण सभाको निर्णय प्रतिलिपि,
८. करचुक्ता प्रमाणपत्र,
९. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

**थप जानकारीका लागिः**

१. सम्पर्क नंबरहरुः कृषि बिकास निर्देशनालय सुर्खेतः ०८३५२००८२, कृषि विकास कार्यालय रुकुम पश्चिमः ०८८५३००१९, सल्यानः ०८८५२०१३०, जाजरकोटः ०८९४३०१२५, दैलेखः ०८९४२०१४५, कालिकोटः ०८७४४०११८, जुम्लाः ०८७५२००२७, मुगुः ०८७४६००८६, हुम्लाः ०८७६८००११, डोल्पाः ०८७५५००९९ र भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय सुर्खेतः ०८३५२१२३६।
२. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाईटः ocmcm.karnali.gov.np मा उपलब्ध छ।